नेपाल वायुसेवा

# आकाश भैरव
AAKASH BHAIRAB
*In-House Journal*

Vol. 43, No. 3 Mangsir-Poush (2080) December-January (2023/24)

# निगमको नयाँ केन्द्रीय कार्यालय भवनको भूमिपूजन सम्पन्न



सिनामंगलस्थित नेपाल वायुसेवा निगमको उपयोगविहीन अवस्थामा रहेको जग्गामा बहुवर्षीय योजना अन्तर्गत निर्माण गरिने निगमको केन्द्रीय कार्यालय भवनसहित निगमलाई आवश्यक पर्ने पार्किङस्थल तथा अन्य संरचना निर्माणस्थलको माननीय श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीज्यूबाट भूमिपूजन एवम् शिलान्यास कार्य सम्पन्न भयो । उक्त अवसरमा निगम सञ्चालक समिति सदस्य श्री किशोर प्रधान, बरिष्ठ क्याप्टेन श्री सुधिर शमसेर राई, श्री अमृतमान श्रेष्ठ, निगम व्यवस्थापनका उच्चपदस्थ पदाधिकारीहरूसहित निगमका कर्मचारीहरू तथा विभिन्न मिडिया र सञ्चारमाध्यमका पत्रकारहरूको उत्साहपूर्ण उपस्थिति थियो ।

उक्त अवसरमा आफ्नो मन्तव्य राख्नुहुँदै माननीय मन्त्रीज्यूले निगम अन्तर्राष्ट्रिय जगतमा चिनाउने देशको मुहार भएकाले निगमलाई राम्रो बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "मलाई लाग्छ साँच्चै हाम्रो निगम गौरवको विषय बन्नेछ । सबैले इमानदार भएर लागौँ । एक वर्ष सबैले इमान्दार होऔँ । यसले दिने परिणामबाट हामी अर्कै ठाउँमा पुग्छौँ । हाम्रो देशको अनुहार, रूपै भनौँ अन्तर्राष्ट्रिय जगतमा देखाउने निगम हो ।' साथै, निगमको हित अभिवृद्धिका निम्ति गरिने जुनसुकै रचनात्मक कार्यमा आफ्नो साथ सहयोग सर्वदा रहने प्रतिवद्धता समेत दोहोऱ्याउँदै भन्नुभयो, 'निगमलाई राम्रो बनाउनुपर्छ भन्ने मेरो मात्रै होइन, वर्तमान प्रधानमन्त्रीको पनि सपना हो । जसले हाम्रो राष्ट्रिय ध्वजा बोकेर संसारभर जाने गर्छ, जसले हाम्रो इतिहास र वर्तमान गौरवलाई प्रस्तुत गर्ने गर्दछ ।' सोही अवसरमा निगम सञ्चालक समिति सदस्य श्री किशोर प्रधानले निगमको व्यावसायिक हित र सम्पत्तिको उचित उपयोग तथा व्यवस्थापनमा सञ्चालक समितिबाट सधैं सहयोग र समर्थन रहने कुरा व्यक्त गर्नुभयो ।

उक्त समारोहमा बोल्नुहुँदै निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले उपयोगविहीन अवस्थामा रहेको निगमको करिब पैंतिस रोपनी क्षेत्रफलमा फैलिएको उक्त जग्गामा तालुक मन्त्रालय तथा सरोकारवाला निकायहरूसँगको समन्वयमा नेपालको मौलिकता झल्कने गरी अत्याधुनिक र सुविधायुक्त ऐतिहासिक केन्द्रीय कार्यालय भवन तथा भौतिक संरचना निर्माण गरिने बताउनुभयो । त्यसैगरी, निगमका अन्य तेईस स्थानमा रहेका भौतिक संरचनाहरूको विस्तृत अध्ययन गरी संरक्षण गर्ने र निगमको आम्दानी बृद्धि हुने गरी रणनीतिक व्यवस्थापन गरिने समेत बताउनु भयो । कार्यकारी अध्यक्ष श्री अधिकारीले सो कार्यमा माननीय मन्त्रीज्यूबाट ऐतिहासिक र प्रेरणादायी भूमिका रहेको बताउँदै हाल केन्द्रीय कार्यालय भवन रहेको न्युरोडको जग्गाको व्यवसायिक उपयोग गर्ने सबैको सपना बमोजिम यथाशीघ्र सो सपना पूरा गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

# सम्पादकीय

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरुवाती चरणमा नेपाल वायुसेवा निगमले आफ्नो उडान आफैँ 'ह्यान्डल' गर्ने प्रयोजनले 'सेल्फ ग्राउण्ड ह्यान्डलिङ्' कार्य आरम्भ गरेको थियो । समयक्रममा निगमले 'ग्राउण्ड ह्यान्डलिङ्' (भूमिस्थ कार्य) लाई व्यावसायिक तुल्याई नेपालमा उडान भर्ने अन्य वायुसेवाहरू समेतलाई 'ग्राउण्ड ह्यान्डलिङ्' सेवा प्रदान गर्न थाल्यो । नेपाल नागरिक उड्डयन प्राधिकरणको नियमावली २०५८ अनुरूप निगमलाई बि.सं. २०६१ मा 'सेल्फ ग्राउण्ड ह्यान्डलिङ्' तथा 'व्यावसायिक ग्राउण्ड ह्यान्डलिङ्' अनुमति प्रमाण पत्र प्रदान गरेको हो र प्राधिकरणसँग भएको पछिल्लो सम्झौता अनुसार निगमले 'सेल्फ ग्राउण्ड ह्यान्डलिङ्' तथा 'व्यावसायिक ग्राउण्ड ह्यान्डलिङ्' सेवा सञ्चालन गर्ने म्याद सन् २०२६ को फेब्रुअरीसम्म रहेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा निगमले स्तरीय भूमिस्थ सेवा निरन्तर रूपमा प्रदान गर्दै आइरहेको छ । सन् २०१६ देखि निगमले Ground Handling Safety सम्बन्धी Audit गराई आफ्नो सेवालाई अन्तर्राष्ट्रिय स्तरको सेवामा मापन गरेको छ । विगतमा निगमको ' ग्राउण्ड ह्यान्डलिङ्' सेवाको Load Control (LOD), Passenger and Baggage Handling (PAB), Aircraft Handling and Loading (HDL), Organization and Management (ORM), Aircraft Ground Movement (AGM) मा ISAGO Certified (IATA Safety Audit for Ground Operations) भएकोमा हाल Cargo Handling सहित 'ग्राउण्ड ह्यान्डलिङ्'का सबै क्षेत्रहरूमा ISAGO Certified भएको छ । IATA (International Air Transport Association) ले आवधिक रूपमा Inspection गरी हरेक दुई-दुई वर्षमा हुने ISAGO Audit बाट निर्धारित मापदण्ड पूरा गरेमा मात्र ISAGO Certificate प्रदान गर्ने प्रावधान रहेको छ ।

यसै सन्दर्भमा थाई एयरवेजले नेपालमा उडान आरम्भ गरेदेखि नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आफ्ना सम्पूर्ण उडानको 'ग्राउण्ड ह्यान्डलिङ्' कार्य ऊ स्वयंले गर्दै (अर्थात्, 'सेल्फ ह्यान्डलिङ्' गर्दै) आएकोमा उक्त एयरवेजले 'सेल्फ ह्यान्डलिङ्' छोडेर नेपाल वायुसेवा निगमसँग ISAGO Certified 'ग्राउण्ड ह्यान्डलिङ्' सेवा लिने भएको छ । २९ अक्टोबर २०२३ मा सम्झौता भई थाई एयरवेजले निगममार्फत् 'ग्राउण्ड ह्यान्डलिङ्' सेवा लिन आरम्भ गरिसकेको छ । यसै सन्दर्भमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा थाई एयरवेजसँग मौजुद रहेका ८० थान 'ग्राउण्ड ह्यान्डलिङ्' उपकरणहरू समेत नेपाल सरकारको स्वीकृतिमा निगमको स्वामित्वमा रहने गरी स्वामित्व हस्तान्तरण सम्झौता समेत सम्पन्न भएको छ ।

निगमले निर्धारित मापदण्ड पूरा गरेर प्रदान गर्ने गरेको भूमिस्थ सेवा अन्तर्राष्ट्रिय स्तरको रहेको निर्विवाद हो । यही सन्दर्भमा अन्तर्राष्ट्रिय स्तरको भूमिस्थ सेवा प्रदान गर्नका निम्ति सो सम्बन्धी उपकरण खरीदसहित जनशक्ति विकास लगायत अन्य पूर्वाधार विकासमा निगमले ठूलो स्रोत र साधन लगानी गरेको मात्रै छैन, निगमले व्यावसायिक भूमिस्थ सेवालाई उत्तिकै प्राथमिकता समेत दिँदै आएको छ, जसले निगमको आयस्रोतको उल्लेख्य हिस्सा समेत ओगट्ने गरेको छ । यहाँनेर, सवाल के हो भने, निगमले प्रदान गर्दै आइरहेको अन्तर्राष्ट्रिय स्तरको भूमिस्थ सेवामाथि कतैबाट पनि प्रश्न उठाउनु पर्ने कुनै गुञ्जायस देखिँदैन । साथै तत्कालका निम्ति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायत मुलुकका अन्य अन्तर्राष्ट्रिय विमानस्थलहरूमा समेत 'व्यावसायिक ग्राउण्ड ह्यान्डलिङ्' सेवा प्रदान गर्ने कार्यमा राष्ट्रिय ध्वजावाहकको विकल्प देखिँदैन ।



श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. दिपक काफ्लेले निगमको निरीक्षण भ्रमण गर्नुहुँदै ।


## सम्पादक मण्डल

प्रधान सम्पादक : अर्चना खड्का

कार्यकारी सम्पादक : दिक्पाल सुवेदी

सम्पादक : अस्मिता सुवेदी
कल्पना काफ्ले
सुरेश सापकोटा

विभागीय प्रतिनिधिहरू : गोपाल प्र. तिवारी, इन्जिनियरिङ् मेन्टिनेन्स
नुमानन्द गौतम, यात्रुसेवा
छायाँ गुरूङ्, आन्तरिक लेखा परीक्षण
प्रकाश अधिकारी, ग्राउण्ड सपोर्ट
भाष्कर खनाल, मानव संशाधन
उदय खत्री, कन्टिन्यूइङ् एयर वर्दिनेश मेनेजमेन्ट
यशोदा सिंखडा, बजार व्यवस्थापन
रमेश कुमार पाण्डे, सा.से. तथा सं. व्यवस्थापन
इन्द्र थापा, अर्थ
हरि दत्त पन्त, अपरेसन्श
सञ्जय कुमार देव, क्वालिटि एसुरेन्स

प्रकाशन : बाह्रय, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग
नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np

फोटो सल्लाहकार : हरि गोपाल प्रधान

# सचिवज्यूलाई निगममा स्वागत



श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. दिपक काफ्लेले निगमको निरीक्षण भ्रमण गर्नुभयो । निगमका कार्यकारी अध्यक्ष श्री युवराज अधिकारीले सचिवज्यूलाई निगममा स्वागत गर्नु भएको थियो । उक्त अवसरमा सचिवज्यूले निगमको बजार व्यवस्थापन विभाग अन्तर्गत अन्तर्राष्ट्रिय बिक्री कक्षलगायतको निरीक्षण समेत गर्नु भएको थियो ।

सचिवज्यूलाई निगमको समग्र अवस्थाको जानकारी गराउने उद्देश्यले संक्षेपमा प्रस्तुतिकरण समेत गरिएको थियो भने समारोहलाई सम्बोधन गर्नुहुँदै सचिवज्यूले निगमलाई सकरात्मक रूपमा अघि बढाउनेतर्फ सम्पूर्ण पक्ष जिम्मेवार भएर लाग्नु पर्नेमा जोड दिनु भएको थियो । सो अवसरमा निगम पदाधिकारीहरूलाई निगमको समग्र हित अभिवृद्धि गर्नेतर्फ केन्द्रित हुन आवश्यक निर्देशन समेत दिनुभएको थियो ।

# थाइ एयरवेजको 'ग्राउण्ड ह्यान्डलिङ्' अब निगमले गर्ने

नेपालमा उडान थालनी गरे पश्चात Self Handling गर्दै आएको थाई एयरवेजले विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीपश्चात रोकिएको उडान पुनः सुचारू गरेको छ । तर आफूले गर्दै आएको 'ग्राउण्ड ह्यान्डलिङ्' भने उसले अब निगमबाट लिने भएको छ ।

थाइ एयरवेजले हालसम्म प्रयोगमा ल्याएका ८० थान Ground Handling Equipment पनि निगमलाई विधिवत् रूपमा हस्तान्तरण गरेको छ । सो प्रयोजनको निम्ति श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहमति बमोजिम निगम र थाई एयरवेजबीच आवश्यक GSE Handover Takeover कार्य समेत सम्पन्न भइसकेको छ ।



# निगमको टिकट खरिद प्रक्रियामा सुविधा विस्तार


निगमको अन्तर्राष्ट्रिय टिकट अनलाइन माध्यमबाट खरिद बिक्री गर्नका निम्ति थप सहजीकरण गर्ने उद्देश्यले Internet Booking Engine मा Domestic Payment Gateway को रूपमा E-sewa लाई गत २०२३ को फेब्रुअरी १ तारिखबाट Integrate गरिएको छ ।

त्यसैगरी IME Pay लाई पनि १९ जुलाई २०२३ मा IBE मा Integrate गरिएको छ । E-Sewa / IME Pay दुवै Gateway हरू विगत लामो समयदेखि नै निगमको आन्तरिकतर्फको टिकेटिङ प्रक्रियाका निम्ति प्रयोगमा ल्याईएकोमा अन्तर्राष्ट्रिय टिकेटिङ प्रक्रिया समेतमा प्रयोगमा ल्याईएको हो ।

साथै निगमले अनलाईन माध्यमबाट आन्तरिक उडानका टिकटहरू खरिद बिक्रीमा सघाउ पुऱ्याउने उद्देश्यले विगतदेखि नै Mobile App प्रयोगमा ल्याई सेवा प्रदान गरिरहेकोमा अन्तर्राष्ट्रियतर्फको टिकेटिङ प्रक्रियामा पनि प्रयोगमा ल्याउने प्रयोजनार्थ HITIT सँग विगतमा सम्पन्न सम्झौता बमोजिम गत ३० नोभेम्बर २०२३ बाट अन्तर्राष्ट्रिय उडानका टिकट खरिद बिक्रीमा समेत Mobile App प्रयोगमा ल्याएको छ ।

उल्लेखित Payment Gateway हरू तथा Mobile App को प्रयोगले निगमका आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानका टिकटहरू झन्झटरहित एवम् सुपथ मूल्यमा यात्रुहरू आफैँले खरिद गर्न सक्नुका साथै निगमको बिक्री अभिबृद्धि भई निगमको व्यापारमा समेत सुधार हुने अपेक्षा गरिएको छ ।

# निगमका पाइलट ए ३२० का लागि नेपालको पहिलो 'डीसीपी'



निगमका वरिष्ठ विमान चालक क्याप्टेन दीपु राज ज्वार्चनले न्यारोबडी जहाज ए ३२० मोडलको जहाजका लागि 'डेजिगनेटेड चेक पाइलट' (डीसीपी) को लाइसेन्स प्राप्त गर्न सफल हुनुभएको छ । नेपालमा दर्ता भएका वायुसेवा कम्पनीमा कार्यरत पाइलटहरूमध्ये यस्तो लाइसेन्स पाउने उहाँ पहिलो पाइलट समेत बन्न सफल हुनुभएको हो ।

यसका निम्ति विभिन्न आधारभूत चरणहरू हुने र उहाँले ती चरणहरू एवम् प्रक्रिया पार गर्दै 'डीसीपी'का निम्ति योग्य हुनु भएको हो । यससँगै अब क्याप्टेन ज्वार्चनले नेपाल नागरिक उड्डयन प्राधिकरणले लिने ए ३२० का पाइलटहरूको परीक्षा लिन र त्यसको परीक्षण गर्न पाउनु हुनेछ । क्याप्टेन ज्वार्चन ए ३२० जहाजको प्रशिक्षक पाइलट समेत हुनुहुन्छ ।

प्रशिक्षक पाइलटको भूमिका तालिम प्रदान गर्ने हुन्छ । परीक्षा लिन र त्यसको परीक्षणको काम गर्न 'डीसीपी'कै आवश्यकता पर्दछ । नेपालमा 'डीसीपी' नहुँदा विदेशी परीक्षक पाइलटबाट यस्तो काम गराउनु पर्ने अवस्था रहेकोमा उप्रान्त सो कार्य नेपाली पाइलटबाटै सम्भव हुने भएको हो ।

# नवनियुक्त कर्मचारीहरूका निम्ति अभिमुखीकरण तालिम सम्पन्न

नेपाल वायुसेवा निगममा नवनियुक्त विभिन्न सेवा समूहका कर्मचारीहरूको निम्ति अभिमुखीकरण तालिम सम्पन्न भएको छ । मंसिर १७ गते देखि औपचारिक शुभारम्भ भएको उक्त तालिममा निगमसम्बन्धी सामान्य जानकारीदेखि नियमनकारी निकायद्वारा अनिवार्य गरिएका विषयमा केन्द्रित थियो । प्रशासन, लेखा र प्राविधिक समूहका कर्मचारीहरूलाई फरक-फरक समूहमा विभाजन गरी प्रदान गरिएको उक्त तालिममा ४७ कर्मचारीहरूको सहभागिता थियो ।

कुलेश्वरमा रहेको निगमको तालिम केन्द्रमा सञ्चालित उक्त तालिमको औपचारिक समापन तथा शपथ ग्रहण कार्यक्रममा सम्बोधन गर्नुहुँदै निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले नवनियुक्त कर्मचारीलाई जिम्मेवार र निगमप्रति प्रतिवद्ध भएर कार्य सम्पादन गर्न निर्देशन दिनुभएको थियो । उक्त समापन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मानव संशाधन विभागका निर्देशकले पनि स्वच्छ आचरणसहित नियम र कानुनको अधिनमा रहेर कार्य सम्पादन गर्न निर्देशन दिनुभएको थियो ।



## विभागीय समाचार

### मानव संशाधन विभाग

कार्तिक, २०८०

#### नियुक्ति

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री सुभाष खड्का | ८ | वरिष्ठ सूचना प्रविधि इन्जिनियर |
| २ | श्री विश्वास गौतम | ७ | वरिष्ठ प्राविधिक अधिकृत |
| ३ | श्री विक्रम महर्जन | ७ | वरिष्ठ प्राविधिक अधिकृत |
| ४ | श्री झनी सरा सारू | ६ | अधिकृत |
| ५ | श्री निशा कर्ण | ६ | अधिकृत |
| ६ | श्री राजन रिमाल | ६ | अधिकृत |
| ७ | श्री उदय खत्री | ६ | अधिकृत |

#### सरूवा/ पदस्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १ | श्री उषा सिंह | ७ | वरिष्ठ अधिकृत | यात्रुसेवा विभाग/बजार व्यवस्थापन विभाग |
| २ | श्री नरेन्द्र रसाईली | ३ | कनिष्ठ सहायक | यात्रुसेवा विभाग/श्रीमान् कार्यकारी अध्यक्षज्यूको कार्यालय |
| ३ | श्री सेवन्ता दाहाल | ३ | कनिष्ठ सहायक | यात्रुसेवा विभाग/विराटनगर स्टेशन |
| ४ | श्री शम्भु मण्डल | ३ | हेड लोडर | यात्रुसेवा विभाग/ विराटनगर स्टेशन |

#### राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री अनिष महर्जन | ६ | अधिकृत |
| २ | श्री सञ्जय कुमार महतो | ६ | अधिकृत |
| ३ | श्री राम विनय मुखिया | ६ | अधिकृत |
| ४ | श्री बिक्रम श्रेष्ठ | ६ | अधिकृत |
| ५ | श्री राजिव अधिकारी | ७ | वरिष्ठ फ्लाईट डिस्प्याचर |

#### अवकाश

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री रमी पोडे | ४ | सिनियर हेड लोडर |

#### सरूवा/ पदस्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १ | श्री अस्मिता सुवेदी | ७ | वरिष्ठ अधिकृत | दुबई स्टेशन/संस्थागत विभाग |
| २ | श्री शिव शंकर भट्टराई | ७ | वरिष्ठ अधिकृत | साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग/अपरेसन्स विभाग |
| ३ | श्री प्रविन शेर्पाइली | ७ | वरिष्ठ प्राविधिक अधिकृत | इन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग/कन्टिन्युयिङ्ग एअरवर्दीनेश म्यानेजमेन्ट विभाग |
| ४ | श्री थानिश्वर शर्मा | ५ | वरिष्ठ सहायक | साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग/यात्रुसेवा विभाग |
| ५ | श्री संगीता भण्डारी | ५ | वरिष्ठ सहायक | यात्रुसेवा विभाग/मानव संशाधन विभाग |
| ६ | श्री समिट तण्डुकार | ३ | कनिष्ठ सहायक | साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग/यात्रुसेवा विभाग |
| ७ | श्री अनिल कुमार राम मेहतर | ३ | हेड लोडर | यात्रुसेवा विभाग/ विराटनगर स्टेशन |

#### राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री पूर्ण महर्जन | ७ | वरिष्ठ प्राविधिक अधिकृत |
| २ | श्री सुबास पौडेल | ६ | अधिकृत |
| ३ | श्री गौरव खड्का | ५ | स्टेवाड |

#### अवकाश

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री हरि सरण जम्कटेल | ४ | सिनियर हेड लोडर |
| २ | श्री बच्चु प्रसाद पौडेल | ४ | सिनियर हेड लोडर |

## नियुक्ति

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री छिरिङ्ग सोनाम लामा | ५ | वरिष्ठ सहायक |
| २ | श्री रामजित चौधरी | ५ | वरिष्ठ सहायक |
| ३ | श्री सोएब अहमद | ५ | वरिष्ठ सहायक |
| ४ | श्री दिलमाया फ्केडी मगर | ५ | वरिष्ठ सहायक |
| ५ | श्री बबिता कुमारी यादव | ५ | वरिष्ठ सहायक |
| ६ | श्री प्रकाश तिरूवा | ५ | वरिष्ठ सहायक |
| ७ | श्री श्रीधर नेपाल | ५ | वरिष्ठ सहायक |
| ८ | श्री फलक राज जोशी | ५ | वरिष्ठ सहायक |
| ९ | श्री शिव प्रसाद उपाध्याय | ५ | वरिष्ठ सहायक |
| १० | श्री मनिषा पाण्डे | ५ | वरिष्ठ सहायक |
| ११ | श्री नारायण कुमार कार्की | ५ | वरिष्ठ सहायक |
| १२ | श्री अशोक तिमल्सिना | ५ | वरिष्ठ सहायक |
| १३ | श्री अपिल पाण्डे | ५ | वरिष्ठ सहायक |
| १४ | श्री मनिषा आउजी | ५ | वरिष्ठ सहायक |
| १५ | श्री विवेक गिरी | ५ | वरिष्ठ सहायक |
| १६ | श्री अनिता आचार्य | ५ | वरिष्ठ सहायक |
| १७ | श्री सुमित उपाध्याय | ५ | वरिष्ठ सहायक |
| १८ | श्री सोनी खाइतु | ५ | वरिष्ठ सहायक |
| १९ | श्री रसिला भण्डारी | ५ | वरिष्ठ सहायक |
| २० | श्री शम्भु तामाङ्ग | ५ | वरिष्ठ सहायक |
| २१ | श्री संगिता घिताल | ५ | वरिष्ठ सहायक |
| २२ | श्री प्रदीप उपाध्याय | ५ | वरिष्ठ लेखा सहायक |
| २३ | श्री सुजन मैनाली | ५ | वरिष्ठ लेखा सहायक |
| २४ | श्री दर्पण चालिसे | ५ | वरिष्ठ लेखा सहायक |
| २५ | श्री कुमारी डम्मरा कलौनी | ५ | वरिष्ठ लेखा सहायक |
| २६ | श्री सौरभ घिमिरे | ५ | वरिष्ठ लेखा सहायक |
| २७ | श्री पुरूषोत्तम महतो | ५ | वरिष्ठ प्राविधिक |
| २८ | श्री सिकन्दर महरा चमार | ५ | वरिष्ठ प्राविधिक |
| २९ | श्री अरूण कुमार शाह | ५ | वरिष्ठ प्राविधिक |
| ३० | श्री जविर हुसेन | ५ | वरिष्ठ प्राविधिक |
| ३१ | श्री मनिषा अर्याल | ५ | वरिष्ठ प्राविधिक |
| ३२ | श्री दिवस बानिया | ५ | वरिष्ठ प्राविधिक |
| ३३ | श्री अजय कुमार महतो | ५ | वरिष्ठ प्राविधिक |
| ३४ | श्री दिलीप कुमार यादव | ५ | वरिष्ठ प्राविधिक |
| ३५ | श्री सागर अर्याल | ५ | वरिष्ठ प्राविधिक |
| ३६ | श्री सुशिल नेपाल | ५ | वरिष्ठ प्राविधिक |
| ३७ | श्री सुरेश कुमार चौधरी | ५ | वरिष्ठ प्राविधिक |
| ३८ | श्री अविनास कुमार सिंह | ५ | वरिष्ठ प्राविधिक |
| ३९ | श्री जय करण यादव | ५ | वरिष्ठ प्राविधिक |
| ४० | श्री प्रदीप ओली | ५ | वरिष्ठ प्राविधिक |
| ४१ | श्री सागर आचार्य | ५ | वरिष्ठ प्राविधिक |
| ४२ | श्री पूजा साह | ५ | वरिष्ठ प्राविधिक |
| ४३ | श्री आमोद कुमार त्रिपाठी | ५ | वरिष्ठ प्राविधिक |
| ४४ | श्री अजय भण्डारी | ५ | वरिष्ठ प्राविधिक |
| ४५ | श्री सञ्जय जोशी | ५ | वरिष्ठ प्राविधिक |
| ४६ | श्री संजय कँडेल | ५ | वरिष्ठ प्राविधिक |
| ४७ | श्री श्रीजित भण्डारी | ५ | सिनियर जिइओ |
| ४८ | श्री मोतिलाल खनाल | ५ | वरिष्ठ प्राविधिक |
| ४९ | श्री रमेश कुमार महतो | ४ | सहायक |
| ५० | श्री सञ्जय कुमार प्रजापति | ४ | सहायक |
| ५१ | श्री विष्णु कुमारी इवाहाङ्ग | ४ | सहायक |
| ५२ | श्री रवि प्रसाद साह | ४ | सहायक |
| ५३ | श्री टिम राज राई | ४ | सहायक |
| ५४ | श्री प्रकाश साह सुडी | ४ | सहायक |
| ५५ | श्री सुजन गजमेर | ४ | सहायक |
| ५६ | श्री सृजना इटनी | ४ | सहायक |
| ५७ | श्री माधब घिमिरे | ४ | सहायक |
| ५८ | श्री गौरा कुमारी सुनाखरी मगर | ४ | सहायक |
| ५९ | श्री सुनिता गौतम | ४ | सहायक |
| ६० | श्री नविन मैनाली | ४ | सहायक |
| ६१ | श्री पुष्प कमल उपाध्याय | ४ | सहायक |
| ६२ | श्री प्रकाश कुमार थापा | ४ | सहायक |
| ६३ | श्री सुर्य प्रसाद पाध्या | ४ | सहायक |
| ६४ | श्री बिपिन गैरे | ४ | सहायक |
| ६५ | श्री लिलामणी पौडेल | ४ | सहायक |
| ६६ | श्री तुलाधर खड्का | ४ | सहायक |
| ६७ | श्री कृष्ण सिंह धामी | ४ | सहायक |
| ६८ | श्री सक्षम पाण्डे | ४ | सहायक |
| ६९ | श्री क्षितिज उप्रेती | ४ | सहायक |
| ७० | श्री रोजिना पोखरेल | ४ | सहायक |
| ७१ | श्री मनोज जोशी | ४ | सहायक |
| ७२ | श्री निर्मला आले मगर | ४ | सहायक |
| ७३ | श्री रेजिना तिमिल्सिना | ४ | सहायक |
| ७४ | श्री मनोज अर्याल | ४ | सहायक |
| ७५ | श्री गणेश बोहरा | ४ | सहायक |
| ७६ | श्री निरज कुमार रजक | ४ | सहायक |
| ७७ | श्री नबिन तिमल्सिना | ४ | सहायक |
| ७८ | श्री सौगात वाग्ले | ४ | सहायक |
| ७९ | श्री तिलक न्यौपाने | ४ | सहायक |
| ८० | श्री मातृका भण्डारी | ४ | सहायक |
| ८१ | श्री संगम गिरी | ४ | सहायक |
| ८२ | श्री विशाल माबो | ४ | सहायक |
| ८३ | श्री अमृत गिरी | ४ | लेखा सहायक |
| ८४ | श्री प्रमिला कुमारी दर्लामी | ४ | सहायक |
| ८५ | श्री भगवती थापा | ३ | कनिष्ठ सहायक |

## ग्राउण्ड सपोर्ट विभाग

१) ISAGO Audit प्रमाणपत्र 2024 को नविकरण गर्ने क्रममा IATA सँग सम्झौता भए बमोजिम सन् २०२३ को डिसेम्बर ११ देखि डिसेम्बर १५ सम्म Ground Handling Services को अडिट सम्पन्न भएको ।

२) निगम र थाई एयरवेजबीच ग्राउण्ड ह्यान्डलिङ्ग सेवाका लागि सम्झौता सम्पन्न भएको ।

३) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा थाई एरवेजले ८० थान GS Equipment निगमलाई प्रदान गर्न चाहेबमोजिम नेपाल सरकारबाट मिति २०८०/०४/०३ गते स्वीकृत भए अनुसार GS Equipment हरू निगमको स्वामित्वमा रहने गरी मिति २०८०/०८/३० मा स्वामित्व हस्तान्तरणसम्बन्धी सम्झौता सम्पन्न भएको ।

### Aircraft Daily Utilization

The chart below illustrates the Average Daily Utilization (ADU) of aircraft (9N-AKW, 9N-AKX, 9N-ALY and 9N-ALZ) for the months Srawan, Bhadra, Aswin and Kartik respectively.






Fig 1 : Average Daily Utilization of Aircraft

*Note: As per MIS data provided by Operations Department*


### International Tourist visit in Nepal in the year 2023

The following chart shows the total number of International tourists visited in Nepal in the year 2023. Altogether 1,014,876 tourist visited Nepal in 2023 where the highest number of tourist visit to Nepal was recorded in the third quarter i.e. 413,516 tourists. The least number of tourists i.e. 274,832 visited in Second quarter.





*Source: Nepal Trekking in Himalaya*

### Air Traffic Statistics- International Sector





| | JAN | FEB | MAR | APR | MAY | JUNE | JULY | AUG | SEP | OCT | NOV | DEC |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ASKM'000 | 158794 | 170892 | 203021 | 194031 | 194734 | 185852 | 171898 | 168067 | 173818 | 180000 | 187160 | 169783 |
| RPKM'000 | 130709 | 141220 | 172855 | 163482 | 149653 | 142376 | 127650 | 133307 | 138670 | 152209 | 155553 | 143516 |





| | JAN | FEB | MAR | APR | MAY | JUNE | JULY | AUG | SEP | OCT | NOV | DEC |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ATKM'000 | 20819 | 21780 | 25240 | 25251 | 25606 | 23849 | 21670 | 21677 | 22197 | 22651 | 24174 | 22805 |
| RTKM'000 | 14303 | 15348 | 18364 | 17345 | 15638 | 15128 | 14787 | 14701 | 14820 | 16107 | 16287 | 15381 |

### Air Traffic Statistics- Domestic Sector




| | Jan | Feb | Mar | Apr | May | June | July | Aug | Sept | Oct | Nov | Dec |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ASKM '000 | 483 | 405 | 555 | 290 | 330 | 259 | 143 | 169 | 452 | 716 | 335 | 620 |
| RPKM '000 | 333 | 271 | 428 | 249 | 269 | 192 | 69 | 83 | 243 | 554 | 264 | 456 |




| | Jan | Feb | Mar | Apr | May | June | July | Aug | Sept | Oct | Nov | Dec |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ATKM '000 | 40.613 | 33.981 | 46.658 | 24.36 | 27.718 | 21.731 | 12.017 | 14.163 | 33.08 | 60.141 | 28.174 | 52.089 |
| RTKM '000 | 23.406 | 19.678 | 30.247 | 17.658 | 19.16 | 13.595 | 4.84 | 5.847 | 17.128 | 39.221 | 18.562 | 32.306 |

*NOTE:*
*ASKM= AVAILABLE SEAT KILOMETER*
*RPKM= REVENUE PASSENGER KILOMETER*
*ATKM= AVAILBALE TON KILOMETER*
*RTKM= REVENUE TON KILOMETER*

## Operations Department

1. FAOC approval from CASA, Australia.
2. Sri Lanka FAOC approval documentation.
3. South Korea FAOC approval documentation.
4. CAAN Audit finding closure 13 level 1 findings closed.
5. Internal Audit findings closed.
6. Corrective Action Plan of EU Audit observation submitted to CAAN.

## Internal Audit Department

1. GS&PM Audit completed & report submitted.
2. Special inspection at flight service & catering store report submitted.
3. Finance Department Audit completed & report submitted.
4. Operation, Ground Support & Engineering Audit job going on.

## DUTY ROSTER OF RA CLINIC DOCTORS AT NAC

### Effective from 02 November 2023

| S. N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. MANEN PRASAD GORKHALY**<br>Consultant, Physician/Neurologist<br>NMC : 1667, Mobile No. : 9851051436 | 11:00-12:00 | | 11:00-12:00 | | 11:00-12:00 | |
| 2. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME & General Physician, NMC: 1516, Mobile No. 9851053577 | 12:00-13:00 | 12:00-13:00 | | | 12:00-13:00 | |
| 3. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant, Orthopedic Surgeon<br>NMC: 4723, Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 11:00-12:00 |
| 4. | **Dr. LOCHAN KARKI**<br>Consultant Physician<br>NMC: 4687, Mobile No. 9851056689 | | | 15:00-16:00 | | 15:00-16:00 | 13:00-14:00 |
| 5. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679, Mobile No. 9851176411 | 15:00-16:00 | | 14:00-15:00 | 14:00-1500 | | |
| 6. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335, Mobile No. 9801022997 | | 15:00:16:00 | | 15:00:16:00 | | 14:00-15:00 |
| 7. | **Dr. BISHWA RAJ DAWADI**<br>Consultant Family Physician<br>NMC: 4996, Mobile No. 9841226322 | 13:00-14:00 | | 13:00-14:00 | 13:00-14:00 | | |

### Ground Support Department

### TACC Section

### LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year | Months | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. pcs. | HOV to Airlines | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police security | |
| 1 | 2080 | Kartik | 6 | 4 | 6 | 7 | 0 | 0 | 4 | 18 | 45 | 25 | 6 | 10 | |
| 2 | 2080 | Mangsir | 4 | 3 | 9 | 4 | 0 | 0 | 1 | 13 | 34 | 23 | 7 | 8 | |
| **Total** | | | **10** | **7** | **15** | **11** | **0** | **0** | **5** | **31** | **79** | **48** | **13** | **18** | |

नोट : उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमानस्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धित ठाँउमा बुझाएका सामानहरूको हो ।

**Details**

Mob: Mobiles
Mny: Money and wallets
Gld: Gold and ornaments
Hov: Handed over to the related airlines (staff, crew, passengers)
Cam: Different types of movie and still camera/watch.
ipd: i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Elx: Other electronic appliances/items, games, pendrives, Power Bank etc.
PP Passport

### Operations Department

### Performance Report of Flights from Kathmandu

### for the month of Ashoj and Kartik, 2080

| Fleet / Month<br>Flight Performance % | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Ashwin | Kartik | Ashwin | Kartik | Ashwin | Kartik | Ashwin | Kartik | Ashwin | Kartik |
| **Reliability** | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% |
| **Punctuality** | 29% | 62% | 100% | 99% | 88% | 90% | 81% | 90% | 65% | 84% |

## COMMERCIAL DEPARTMENT

## TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS

### AS OF MANGSIR & POUSH , 2080

| Region | Mangsir 2080 | | | | Poush 2080 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 2,377 | 15,857,570 | 108,850 | 15,966,420 | 1,256 | 8,176,188 | 273,683 | 8,449,871 | 3,633 | 24,416,291 |
| Domestic Total | 2,377 | 15,857,570 | 108,850 | 15,966,420 | 1,256 | 8,176,188 | 273,683 | 8,449,871 | 3,633 | 24,416,291 |
| KTM-NRT | 3,334 | 295,017,128 | 11,094,860 | 306,111,988 | 3,236 | 250,319,312 | 10,526,140 | 260,845,452 | 6,570 | 566,957,440 |
| NRT-KTM | 2,817 | 155,826,169 | 3,383,820 | 159,209,989 | 2,701 | 145,406,346 | 2,553,804 | 147,960,150 | 5,518 | 307,170,139 |
| KTM-DXB | 4,439 | 150,470,856 | 10,231,260 | 160,702,116 | 4,204 | 116,906,416 | 5,907,710 | 122,814,126 | 8,643 | 283,516,242 |
| DXB-KTM | 3,763 | 51850722 | 6093990 | 57,944,712 | 3,598 | 48,134,922 | 8,205,390 | 56,340,312 | 7,361 | 114,285,024 |
| KTM-DEL | 7,585 | 106,229,380 | 2,960,640 | 109,190,020 | 6,888 | 64,527,864 | 2,028,873 | 66,556,737 | 14,473 | 175,746,757 |
| DEL-KTM | 5,388 | 34,055,688 | 941,760 | 34,997,448 | 5,386 | 36,190,896 | 546,240 | 36,737,136 | 10,774 | 71,734,584 |
| KTM-KUL | 2,402 | 70,186,816 | 1,726,821 | 71,913,637 | 1,568 | 46,854,444 | 1,524,364 | 48,378,808 | 3,970 | 120,292,445 |
| KUL-KTM | 1,151 | 15,474,183 | 376,320 | 15,850,503 | 1,009 | 12,039,882 | 22,500 | 12,062,382 | 2,160 | 27,912,885 |
| KTM-DOH | 3,662 | 119,213,396 | 2,676,179 | 121,889,575 | 3,614 | 100,179,612 | 15,804,866 | 115,984,478 | 7,276 | 237,874,053 |
| DOH-KTM | 3,507 | 66,084,336 | 2,525,503 | 68,609,839 | 3,166 | 52,010,888 | 4,513,160 | 56,524,048 | 6,673 | 125,133,887 |
| KTM-BKK | 1,966 | 61,401,718 | 610,216 | 62,011,934 | 1,422 | 35,374,456 | 721,008 | 36,095,464 | 3,388 | 98,107,398 |
| BKK-KTM | 1,201 | 42,794,748 | 1,509,873 | 44,304,621 | 1,222 | 44,062,056 | 743,912 | 44,805,968 | 2,423 | 89,110,589 |
| KTM-HKG | 1,464 | 78,180,168 | 4,051,260 | 82,231,428 | 1,158 | 52,801,096 | 4,745,460 | 57,546,556 | 2,622 | 139,777,984 |
| HKG-KTM | 1,292 | 60,206,044 | 4,138,400 | 64,344,444 | 838 | 35,176,566 | 5,548,240 | 40,724,806 | 2,130 | 105,069,250 |
| KTM-BOM | 1,491 | 25,649,668 | 147,665 | 25,797,333 | 815 | 10,848,620 | 85,040 | 10,933,660 | 2,306 | 36,730,993 |
| BOM-KTM | 962 | 11,003,800 | 242,720 | 11,246,520 | 708 | 6,955,832 | 254,560 | 7,210,392 | 1,670 | 18,456,912 |
| KTM-BLR | 1,643 | 28,831,364 | 39,075 | 28,870,439 | 1,347 | 20,421,856 | 19,800 | 20,441,656 | 2,990 | 49,312,095 |
| BLR-KTM | 1,249 | 11,185,852 | 163,350 | 11,349,202 | 1,036 | 8,356,328 | 238,990 | 8,595,318 | 2,285 | 19,944,520 |
| KTM- DMM | 894 | 35,144,610 | 3,040 | 35,147,650 | 836 | 30,871,340 | 12,635 | 30,883,975 | 1,730 | 66,031,625 |
| DMM-KTM | 911 | 14,377,945 | 455,040 | 14,832,985 | 804 | 13,637,430 | 426,240 | 14,063,670 | 1,715 | 28,896,655 |
| KUL-BWA-KTM | 382 | 3,885,443 | 7,830 | 3,893,273 | 217 | 2,029,438 | - | 2,029,438 | 599 | 5,922,711 |
| Intl Total | 51,503 | 1,437,070,034 | 53,379,622 | 1,490,449,656 | 45,773 | 1,133,105,600 | 64,428,932 | 1,197,534,532 | 97,276 | 2,687,984,188 |
| Grand Total | 53,880 | 1,452,927,604 | 53,488,472 | 1,506,416,076 | 47,029 | 1,141,281,788 | 64,702,615 | 1,205,984,403 | 100,909 | 2,712,400,479 |

**Note**:
1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights .
4. Charter Flights are not included in above data.